## उन्नत नश्लका बंगुरको पाठापाठी आयातमा लाग्ने हवाइभाडामा पचहत्तर प्रतिशत भाडा बेहोर्ने कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/०८/०८

**प्रस्तावना:** धरासायी भइरहेको बंगुरपालन व्यवसायलाइ पुस्थापना गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न विदेशवाट आयात हुने उन्नत नश्लका बंगुरको पाठापाठी ढुवानीमा प्रोत्साहन गर्न प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम " उन्नत नश्लका बंगुरको पाठापाठी आयातमा लाग्ने हवाइभाडामा पचहत्तर प्रतिशत भाडा बेहोर्ने कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. आवेदक" भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताबिक प्रस्ताव पेश गर्न योग्य कृषक समूह/संघ/कृषि सहकारी/नीजि फार्मलाई सम्झनु पर्छ ।

ख. **"उन्नत नश्लका बंगुर"** भन्नाले बंगुरको नश्ल सुधारका लागि बाह्य मुलुकबाट आयात गरिएको उन्नत नश्लको बंगुरको पाठापाठी सम्झनु पर्छ।

ग. **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

घ. **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनु पर्छ ।

ङ. **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश सम्झनु पर्छ।

च. **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ।

छ. **"साझेदार संस्था"** भन्नाले कार्यक्रम संञ्चालन गर्न छनौट भएका संघ/सहकारी संस्था/समूह/निजी फार्म सम्झनु पर्छ।

ज. **"संघ"** भन्नाले बंगुर व्यवसायी संघ सम्झनु पर्छ ।

झ. **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

ञ. **"साझेदार संस्था"** भन्नाले कार्यक्रम सञ्चालनको लागि छनौटमा परी सम्झौता गरेका आवेदक सम्झनु पर्छ ।

## परिच्छेद- २

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. कार्यक्रम सञ्चालन प्रक्रियाः कार्यक्रम बागमती प्रदेशका सबै जिल्लामा लागू हुनेछ।

४. प्रस्ताव आह्वानः (१) निर्देशनालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न ३०(तीस) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा निर्देशनालयले पुनः १५(पन्ध्र) दिनको समय सीमा राखी १ (एक) पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ ।

५. प्रस्ताव पेश गर्नेः (१) कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकले सूचनामा उल्लेखित कागजात सहित निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

(२) आवेदकले उन्नत नश्लका बंगुरको पाठापाठी आयात गर्ने देशको नाम स्पष्ट रुपमा खुलाई **Performance Invoice**, पाठापाठी आयातको लागि प्रचलित कानून अनुसार अपनाउनु पर्ने सम्पूर्ण प्रक्रिया पुरा गरेको प्रमाण सहित आवेदन पेश गर्नु पर्नेछ।

(३) आवेदकले उन्नत नश्लका बंगुरको पाठापाठी आयात गर्ने देश, पाठापाठीको संख्या, जात, खरिद रकम तथा ढुवानी रकम सम्बन्धी विवरण पेश गर्नु पर्नेछ ।

६. प्रस्ताव मूल्याङ्कनः (१) प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारिस गर्न सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको एक मूल्याङ्कन समिति रहनेछ । निर्देशनालयले स्थलगत प्रमाणीकरणको लागि प्रतिवेदन ढाँचा तयार गरि प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढीमा २ (दुई) जना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-३ बमोजिमको आधारमा रही मूल्याङ्कनका गर्दा ५० (पचास) प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई मात्र छनौटका लागि सिफारिस गर्नु पर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

७. <u>प्रस्ताव छनौट तथा जानकारीः</u> स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निवेदन/गुनासो दर्ता गर्न आवेदकलाई ७(सात) दिनको समय सीमा राखी आशयको सूचना प्रकाशन गरिनेछ ।

८. <u>सम्झौताः</u> (१) स्वीकृत प्रस्तावका आवेदकहरुसँग निर्देशनालयले सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(२) तोकिएको अवधिभित्र सम्झौता हुन नसकेमा योग्यता क्रमको आधारमा छनौट हुने आवेदकसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिने छ । साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थावाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

९. <u>आर्थिक पक्षः</u> (१) साझेदार संस्थाले पाठापाठी आयात गरको देश, पाठापाठीको संख्या, जात, पाठापाठी खरिद गरेको प्रमाण, पाठापाठीको हवाई ढुवानीको टिकट/ विल, बैंक कारोबारको प्रतिलिपी तथा सम्झौता अनुसारको कागजात सहित भुक्तानीको लागि निवेदन दिए पश्चात निर्देशनालयले पेश भएको कागजातको आवश्यक जाँचबुझ गरी सम्झौता बमोजिम रकम भुक्तानी दिने छ। बंगुरको पाठापाठी आयातमा लाग्ने जम्मा हवाइभाडाको ७५(पचहत्तर) प्रतिशत निर्देशनालयले बेहोर्नेछ ।

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

## परिच्छेद -४

## अन्य व्यवस्था

१०. <u>दोहोरोपना नहुनेः</u> यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। गत आर्थिक वर्षमा सोही प्रकृतिको प्रोत्साहन प्राप्त गर्ने साझेदार संस्थालाई प्रकृयामा समावेश गराइने छैन ।

११. <u>कारबाही सम्बन्धी व्यवस्थाः</u> साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

१२. <u>संशोधनः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१३. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

१४. <u>अनुगमन तथा मूल्याङ्कनः</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले गर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -१

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम उन्नत जातका बंगुरको पाठापाठी आयात गर्न इच्छुक आवेदकले यो सूचना प्रकाशन भएको मितिले ३०(तीस) दिनभित्र निर्देशनालय वा निर्देशनालयले तोकेको सम्बन्धित जिल्लास्थित कार्यालयमा देहाय बमोजिमका कागजात सहित आवेदन दर्ता गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन

पेश गर्नुपर्ने कागजातहरुको विवरणः

१. अनुसूची-२ बमोजिमको आवेदन-पत्र,
२. संस्था दर्ता र नविकरण प्रमाण पत्रको प्रतिलिपि,
३. PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि,
४. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५. संघ/समूह/सहकारी संस्थाको हकमा कार्यक्रममा सहभागिता सम्बन्धी निर्णयको प्रतिलिपि,
६. स्थानीय तहको पशु सेवा शाखाको सिफारीस,
७. सम्बन्धित कार्यालयको सिफारिस पत्र,
८. उन्नत नश्लका बंगुरको पाठापाठी आयात गर्ने देशको नाम स्पष्ट खुलेको **Performance Invoice,**
९. अन्य आवश्यक कागजात (भएमा) ।

पुनश्च" : उन्नत नश्लका बंगुरको पाठापाठी आयातमा लाग्ने हवाइभाडामा पचहत्तर प्रतिशत भाडा बेहोर्ने कार्यक्रम सञ्चालन कार्यविधि, २०८० निर्देशनालयको.........वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -२

(दफा ५ को उपदफा १ सँग सम्बन्धित)

आवेदन -पत्र

मितिः

श्रीमान् निर्देशकज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडा ।

**विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।**

यस निर्देशनालयको मिति.................मा प्रकाशन गरिएको उन्नत नश्लका बंगुरको पाठापाठी आयातमा लाग्ने हवाइभाडामा ७५ प्रतिशत भाडा बेहोर्ने कार्यक्रममा सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. संस्था दर्ता र नविकरण प्रमाण पत्रको प्रतिलिपि,
२. PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
४. संघ/समूह/सहकारी संस्थाको हकमा कार्यक्रममा सहभागिता सम्बन्धी निर्णयको प्रतिलिपि,
५. स्थानीय तहको पशु सेवा शाखाको सिफारीस,
६. सम्बन्धित कार्यालयको सिफारिस पत्र,
७. पाठापाठी आयात गर्ने देशको नाम स्पष्ट खुलेको **Performance Invoice,**
८. आयात सम्बन्धित विवरण

| क्र.स. | विवरण | |
|---|---|---|
| १ | देशको नाम | |
| २ | पाठापाठी संख्या | |
| ३ | जात | |
| ४ | खरिद रकम | |
| ५ | ढुवानी रकम | |

आवेदक

दस्तखतः

नामः

पदः

सम्पर्क नम्बरः

साझेदारको छापः



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-३

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**मूल्याङ्कन गर्ने आधारहरु**

कार्यक्रमको नामः

आवेदक संस्थाको नाम र ठेगानाः

मितिः

मूल्याङ्कनः

| क्र.स. | सूचक | अधिकतम अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार (बाटो, बिजुली, पानी, बजार सुबिधा आदि) | ५ | | |
| २ | संस्था दर्ता अवधि *(संस्था दर्ता अवधि ५ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानी मुल्यांकन गरिने)* | ५ | | |
| ३ | खोरको मौजुदा क्षमता तथा पुर्वाधार | २५ | | |
| ४ | आहारा व्यवस्थापन | १५ | | |
| ५ | मेशिनरी औजार उपकरणको प्रयोग, नवीन प्रवधिको अनुशरण तथा अन्य कार्यहरु | १० | | |
| ६ | जैविक सुरक्षाको अवस्था तथा उपयोग | १५ | | |
| ७ | बैदेशिक रोजगारीबाट फर्की पशु व्यवसायमा आवद्ध (५ वर्ष भन्दा बढी अवधिलाई पूर्ण अंक मानि) | ५ | | |
| ८ | बार्षिक उत्पादन (विगत ३ वर्षको) | १० | | |
| ९ | सम्बन्धित क्षेत्रमा तालिम | १० | | |
| जम्मा | | १०० | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री